वार्षिक समीक्षा प्रतिवेदन

आर्थिक बर्ष २०७४/०७५

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन

सम्पादन मण्डल

संरक्षक

श्री रेनु दाहाल

नगर प्रमुख

श्री पार्वती शाह ठकुरी

उप–प्रमुख

सल्लाहकार

श्री नेत्र सुवेदी प्रयास

प्रमुख प्रशासकीय अधिकृत

संयोजक

श्री कुल बहादुर जी सी

उप–सचिव

सदस्य

श्री सिर्जना थपलिया

उप–सचिव

सदस्य सचिव

मेनका पण्डित

सूचना अधिकृत

सम्पादकीय

यस भरतपुरमहानगरपालिकाको वार्षिक प्रगति तथा संचालित कार्यक्रमहरु सर्वसाधारण एवं सरोकारवाला समक्ष सार्वजनिक गर्ने र आगामी कार्यक्रम संचालनको लागि रचनात्मक पृष्ठपोषण प्राप्त गर्ने उद्देश्यले आर्थिक वर्ष २०७४/२०७५ को वार्षिक प्रगति प्रतिवेदन पुस्तिका प्रकाशन गरिएको हो। यस खाले पुस्तिकाको माध्यमबाट वार्षिक कार्यक्रमको प्रगति सार्वजनिक गर्ने महानगरपालिकाको यो पहिलो जमर्को हो। सूचना सम्प्रेषण गर्नु र पृष्ठपोषण प्राप्त गर्नु यस प्रकाशनको एकमात्र उद्देश्य रहेको छ ।

पुस्तिकामा महानगरपालिकाबाट आयोजित वार्षिक प्रगति समिक्षा कार्यक्रमको संक्षिप्त प्रतिवेदन र कार्यक्रमको क्रममा गरिएको विभिन्न प्रस्तुतिहरुलाई मुख्य विषयवस्तु बनाइएको छ । साथै भरतपुर महानगरपालिका अन्तर्गतको महाशाखा, शाखा एवं महानगर भित्र रहेका खानेपानी बोर्ड, विद्युत प्राधिकरण, सडक डिभिजन कार्यालय, सहरी विकास तथा भवन डिभिजन लगायतका कार्यालयहरुबाट गत आर्थिक वर्षमा संचालित क्रियाकलापहरु समेटिएको छ ।

अन्तमा, आगामी वर्षमा यसको सान्दर्भिकता हेरी यस प्रकाशनको क्रमलाई निरन्तरता दिइने छ । पुस्तिकामा समेटिएका विषयवस्तु तथा महानगरपालिकाबाट आगामी दिनका कार्यक्रममा संचालनमा गर्नुपर्ने सुधारका लागि समयमै सुझाव दिई सहयोग गरिदिनहुन अनुरोध गर्दछौं । पुस्तिका तयार गर्न सहयोग गर्नुहुने यस महानगरपालिकाका सम्पूर्ण पदाधिकारीहरुलाई धन्यवाद दिन चाहन्छौं ।

आ. व. २०७४/०७५ को बार्षिक समीक्षा कार्यक्रम

संक्षिप्त प्रतिवेदन

पृष्ठभूमि

बार्षिक प्रगति समीक्षा कार्यक्रमलाई विगतको राम्रो पक्षबाट सिकेर भविश्यको कार्ययोजना बनाउने बलियो आधारको रुपमा लिइन्छ । मिति २०७५ श्रावण ३१ गते होटलस्टार व्याङ्कोइट, भरतपुरमा भरतपुर महानगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को बार्षिक समीक्षा कार्यक्रम सम्पन्न गरियो । कार्यक्रमको अध्यक्षता भरतपुर महानगरपालिका प्रमुख श्री रेनु दाहालले गर्नुभएको थियो । कार्यक्रममा प्रदेश सभा सदस्य तथा प्रदेश सभा कृषि तथा शिक्षा समितिका सभापति माननीय घनश्याम दाहाल अभिनाशको प्रमुख आतिथ्यता रहेको थियो भने विशिष्ट अतिथिमा प्रदेश सभा सदस्यहरु माननीय मिलनबाबु श्रेष्ठ, माननीय कृष्णप्रसाद भुर्तेल रहनुभएको थियो । अन्य सहभागीहरुमा भरतपुर महानगरपालिका वडाका वडा अध्यक्ष तथा निर्वाचित सदस्यहरु, चितवन जिल्ला स्थित विभिन्न कार्यालयका प्रमुखहरु, महानगरपालिका र अन्तरगतका कर्मचारीहरु, सडक डिभिजन कार्यालय, खानेपानी डिभिजन कार्यालय, खानेपानी व्यवस्थापन वोर्ड, नेपाल विद्युत प्राधिकरण लगायत निकायहरुको कर्मचारीहरु साथै संचारकर्मीहरु रहेका थिए । कार्यक्रममा जम्मागरी एक सय साठी जनाको सहभागिता रहेको थियो जसमा नेपाली कांग्रेसको तर्फबाट प्रतिनिधित्व गर्ने निर्वाचित पदाधिकारीको उपस्थिति रहेको थिएन। कार्यक्रमको उदघोषण महानगरपालिकाका उपसचिव श्री कुलबहादुर जी सी ले गर्नुभएको थियो ।

प्रारम्भिक कार्यक्रम

भरतपुर महानगरपालिका वडा नं १० का वडा अध्यक्ष श्री अरुण पीडित भण्डारीको स्वागत मन्तव्य र राष्ट्रिय गानबाट कार्यक्रमको सुरुवात गरिएको थियो भने प्रमुख अतिथिबाट पावर प्वाइन्ट क्लिक गरी कार्यक्रम उदघाटन गरिएको थियो । स्वागत मन्तव्यमा बोल्दै वडा अध्यक्ष भण्डारीले यस एक वर्षको समयावधिमा यथार्थ र वस्तुनिष्ठ कामहरु गरेको; जस्तै Land Fill Site को पूर्वतयारी, Service Center को अवधारणा, Ring Road, City Hall निर्माण जस्ता कार्यको शुभारम्भ भएको, हामी जनप्रतिनिधिहरु जुन आस्था र विचारबाट आएका भए पनि विकासका लागि एक हौ र हुनेछौ भन्नुभएको थियो ।

कार्यक्रमको उदघाटन लगतै प्रदेश सभा सदस्य माननीय मिलनबाबु श्रेष्ठले शुभकामना मन्तव्य दिनुभएको थियो । मन्तव्यमा उहाँले विकासका लागि पार्टीगत धारणा अनुसार अलग नभई सबै पक्षबीच समन्वय र सामञ्जस्यता कायम राख्नु पर्ने, कार्यक्रम योजना तर्जुमा र करका विषयमा आमजनतालाई संवोधन गर्ने र व्यापक छलफल अन्तरक्रिया गरी सबैलाई समेट्दै अगाडी बढ्नु पर्ने कुरा व्यक्त गर्नुभएको थियो । साथै उहाँले यस एक वर्षको अवधिमा भरतपुर महानगरपालिका आफ्ना योजनाहरु कार्यान्वयन गर्न तुलनात्मक रुपमा सफल भएको भन्दै आगामी योजना तथा कार्यक्रमहरुमा अझ बढी सफलता मिलोस् भनी शुभकामना व्यक्त गर्नुभएको थियो ।

प्रस्तुतीकरण

समीक्षाको मुख्य कार्यक्रमको रुपमा आ.व. २०७४/०७५ मा महानगरपालिकाबाट सम्पादित योजना तथा कार्यक्रमहरुको प्रस्तुतीकरण रहेको थियो । प्रस्तुतीकरण सम्वन्धित महाशाखाका महाशाखा एवं शाखा प्रमुखहरुबाट गरिएको थियो । सबैजसो प्रस्तुतीमा शाखाभित्रका कार्यक्रम र योजना, सोको लागि विनियोजित बजेट, वित्तीय र भौतिक प्रगतिहरु समेटिएका थिए ।

- सहरी पूर्वाधार विकास र वातावरण महाशाखा
  यस महाशाखाबाट महाशाखा प्रमुख डि. ई. श्री सहदेव बहादुर भण्डारीले संचालन भएको सम्पूर्ण कार्यक्रम र आगामी कार्यदिशा समेटी प्रस्तुत गर्नुभएको थियो ।वातावरण महाशाखाका कार्यक्रमको सम्वन्धमा श्री सुशिला रेग्मीले आफ्नो प्रस्तुती राख्नुभएको थियो ।
- सामाजिक विकास महाशाखा
  सामाजिक विकास महाशाखाको कार्यक्षेत्र र संक्षिप्त परिचय दिदै यस महाशाखाको सम्वन्धमा महाशाखा प्रमुख उपसचिव श्री सिर्जना थपलियाको प्रस्तुती रहेको थियो । प्रस्तुतीमा महाशाखाका कार्यक्रमहरुको लागि विनियोजित बजेट, सम्पादित कार्यक्रम तथा योजनाहरु, योजना कार्यान्वयनमा आइपरेका समस्याको साथै आगामी कार्यक्रमको सफलताको लागि गर्नुपर्ने कार्यहरु समेटिएको थियो ।
- आर्थिक प्रशासन र राजस्व महाशाखा
  उपसचिव (लेखा) श्री खडानन्द अधिकारीले आर्थिक प्रशासन तथा राजस्व महाशाखाबाट सम्पादित कार्यहरु सम्वन्धमा प्रस्तुत गर्नुभएको थियो । महानगरको कुल बजेट, समग्र कार्यक्रम र समष्टिगत वित्तीय प्रगति संक्षिप्त विवरण पेश गर्दै उहाँले वेरुजु फछ्र्यौट, संपरीक्षण, खर्चमा मितव्ययिता जस्ता वित्तीय अनुशासनका औजारहरुको सम्वन्धमा समेत स्पष्ट पार्नुभएको थियो । उहाँले कर संकलनको विवरणको साथै करको दायरा वृद्धि गर्ने सम्वन्धी महानगरले यस आर्थिक वर्षमा गरेका कार्यहरु, कार्यक्रमहरु सम्पादन गर्न आइपरेका समस्याहरु साथै आर्थिक

प्रशासनमा सुधार र वित्तीय अनुशासन कायम गर्न भविष्यमा गर्नुपर्ने कार्यहरु समेत प्रस्तुतीमा राख्नु भएको थियो ।

- आर्थिक विकास महाशाखा

  यस अन्तरगतका पशु र कृषि शाखाका कार्यक्रमहरुको सम्वन्धमा पशुचिकित्सक डा विकास श्रेष्ठले प्रस्तुत गर्नुभएको थियो । महानगरभित्र ७ वटा सेवा केन्द्रबाट पशु सेवा प्रदान भइरहेको भन्दै उहाँले यस आर्थिक वर्षमा महानगरभित्र पशु/कृषि विकासको लागि गरिएका कार्यक्रमहरु र पशु/कृषि क्षेत्रमा देखिएका समस्या तथा महामारी, आगामी वर्षमा गर्नुपर्ने महत्वपूर्ण कार्यहरु सम्वन्धमा समेत विवरण पेश गर्नुभएको थियो ।

- शैक्षिक प्रशासन महाशाखा

  शैक्षिक प्रशासन महाशाखाको तर्फबाट शाखा अधिकृत श्री कृष्ण पौडेलले महानगर भित्रको विद्यालय संख्या, विद्यार्थी संख्या सहितको शैक्षिक तथ्याङ्कसमेत पेश गर्दै सम्पादित कार्यक्रमहरुको सम्वन्धमा प्रस्तुत गर्नुभएको थियो ।

- सामान्य प्रशासन, योजना बजेट तथा अनुगमन महाशाखा

  महानगरपालिका भित्रको समग्र कर्मचारीको विवरण, यस महाशाखाबाट सम्पादन भएका कृयाकलापहरु, आइपरेका समस्याहरुसाथैसुधार र समस्या समाधानको लागि आगामी दिनमा गर्नुपर्ने कार्यहरुको सम्वन्धमा महाशाखा प्रमुख उपसचिव श्री कुल बहादुर जि. सी. ले स्पष्ट पार्नुभएको थियो ।

- अन्य सम्वद्ध निकायहरु

  कार्यक्रममा महानगरपालिका भित्र कृयाशील अन्य सरकारी निकायहरुको समेत प्रस्तुती रहेको थियो । प्रस्तुती सम्वन्धित निकायको संक्षिप्त परिचय, बजेट व्यवस्था कार्यक्रम र भावी कार्ययोजना समेट्दै सम्वन्धित निकायकाप्रमुखहरुले गर्नुभएको थियो । ती निकायहरुमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,सडक डिभिजन कार्यालय,नेपाल विद्युत प्राधिकरण,खानेपानी व्यवस्थापन वोर्डरहेका थिए ।

- छलफल तथा अन्तरक्रिया

  प्रस्तुतीकरण पश्चयात सहभागीहरुबीच छलफल तथा अन्तरक्रिया कार्यक्रम रहेको थियो ।जसमा खानेपानीको वितरण तथा पाइप लाइन, विद्युत पोल तथा तारहरुको व्यवस्थापन, मिटर वक्स वितरण, विद्युत सेवाको विस्तारण र प्रसारण, सडक कालोपत्रे, वाढी प्रभावित क्षेत्रको लागि कार्यक्रम, जंगली जनावरबाट हुने क्षति न्यूनीकरण एवं क्षतिपूर्तिको व्यवस्था रभुक्तानी प्रकृयामा सरलीकरणलगायतका विषयहरुको उठान भएको थियो ।

- प्रस्तुतीको संक्षेपीकरण

  कार्यक्रममा महानगरपालिकाको समग्र कार्यक्रमहरु समेट्दै महानगरपालिका प्रमुख प्रशासकीय अधिकृत श्री नेत्र सुवेदी प्रयासले आफ्नो भनाई राख्नुभएको थियो ।कार्यक्रममा उहाँले निर्वाचित

जनप्रतिनिधिहरुबाट पदभार ग्रहण समेतको एक वर्षको अवधि पूरा भएको यस अवस्थामा आर्थिक वर्ष २०७४/०७५ को समीक्षाले नयाँ कार्यदिशा दिने विश्वास व्यक्त गर्नुभयो । यस कार्यक्रममा प्रस्तुत भएका र उठेका विषयवस्तुलाई समेटी एक पुस्तिका तयार गर्ने भन्दै प्रमुख प्रशासकीय अधिकृत सुवेदीले स्थानीय तह संचालन र संघीयता कार्यान्वयनमा नयाँ अनुभवसँग नियमित कार्यक्रम गर्न चुनौतीपूर्ण रहेको भएतापनि यस चुनौतीलाई चिर्दै अगाडी बढ्नुको विकल्प नरहेको बताउनु भयो ।कार्यक्रम तथा योजना/आयोजना संचालनमारहेका समस्याहरु पर्याप्त पूर्वतयारी, दृढ इच्छाशक्ति, सबैको सहयोग र समन्वय समाधान हुदै जाने, चालु आर्थिक वर्षमा कार्यक्रमलाई प्राथमिकीकरण गर्ने, कार्यक्रम कार्यान्वयनको पूर्वतयारीस्वरुप क्षमता विकास तथा कार्ययोजना निर्माणलाई जोड दिइने विचार राख्नुभयो । सबै शाखा महाशाखातथा सम्वद्ध निकायहरुको उपलब्धी नै महानगरको उपलब्धी हुने भएकोले सम्वन्धित सबैलाई सहयोगको लागि आग्रह गर्दै उहाँले कार्यक्रम संचालनमा सहयोग गर्ने र सकृयतापूर्वक सहभागी हुने सबैलाई धन्यवाद समेत दिनुभयो ।

<u>मन्तव्य तथा शुभकामना</u>

उक्त कार्यक्रममा उपस्थित प्रमुख अतिथि, विशिष्ट अतिथि एवं अतिथिहरु नेकपा नेता बद्री तिमिल्सिना, नेकपा नेता तपेन्द्र खड्का,प्रदेश सभा सदस्य कृष्णप्रसाद भुर्तेल, प्रदेशसभा सदस्य एवं प्रदेशसभा कृषि, शिक्षातथा स्वास्थ्य समितिका सभापति माननीय घनश्याम दाहाल अभिनाश लगायतले आफ्नो मन्तव्य राख्नुभएको थियो ।

नेकपा नेताद्वयले जनप्रतिनिधि हुँदा र नहुँदाको वार्षिक समीक्षाको प्रत्यक्ष अनुभव आफुसँग रहेको, कार्यक्रम र योजनाहरुको सफलता एवं यसभित्रको समस्याको पहिचान गरी आगामी कार्यदिशा तय गर्नुपर्ने भनाइहरु राख्दै महानगरको आगामी कार्यक्रमको सफलताको लागि शुभकामना दिनुभएको थियो ।

कार्यक्रममा बोल्दै कार्यक्रमका विशिष्ट अतिथि प्रदेशसभा सदस्य माननीय कृष्ण प्रसाद भुर्तेलले प्रस्तुत भएका समस्याहरु समाधान सम्वन्धित निकायले गर्ने विश्वास व्यक्त गर्नुभयो । साथै उहाँले महानगरले निकै अफ्टयाराका बावजुद धेरै प्रगति गरेको सूचना प्रविधिको भरपुर प्रयोग गरी गरेको कामहरुको प्रसारण र प्रचार समेत गर्न आवश्यक भएको बताउनु भयो । उहाँले भरतपुर महानगरपालिकाको विकासको लागि राष्ट्रिय चासो व्यक्त भइरहको सन्दर्भमा जनप्रतिनिधिहरु पनि एकमत भइ अगाडि बढ्नु पर्नेमा जोड दिनुभयो ।

त्यस्तै कार्यक्रमका प्रमुख अतिथिप्रदेशसभा सदस्य घनश्याम दाहाल अभिनासले आफ्नो मन्तव्यमा उपस्थित सबैलाई संवोधन गर्नु हुँदै वार्षिक समीक्षा कार्यक्रम निकै महत्वपूर्णरहेको बताउनुभयो ।उहाँले महानगरले यसभित्र रहेको अवसरलाई सदुपयोग गर्दै अगाडी बढ्नु पर्ने, कार्यक्रम जोबाट र जसरी आएपनि जनता नै लाभान्वित हुने हुनाले सबै सम्वद्ध पक्षले एकरुप भई कार्य गर्नुपर्ने, औधोगिक प्रदर्शनी केन्द्र, सिटी हल जस्ता संरचना सबैको हुने यसमा विमत्ती

र विरोधको कुनै ग्राह्यता नभएको, एक संरचना निर्माणले अन्य व्यवसाय फस्टाउछ फाइदा भनेको स्थानीयलाई नै हुने हो भनी आफ्नो मन्तव्य राख्नु भएको थियो । नगरसभा र कार्यपालिकामा सर्वसम्मतले पारित हुने विषय कार्यान्वयनमा विरोध गर्ने परिपाटीको अन्त्य नगरी विकास र समृद्धिको सपना पूरा नहुने, कर्मचारीको तर्फबाट व्यवस्थापकीय र प्रशासनिक समस्याहरु समाधान गर्नुपर्ने भन्दै उहाँले समग्रमा कार्यक्रम राम्रो रहेको समेत बताउनुभयो ।

नगर प्रमुखको मन्तव्य तथा कार्यक्रमको समापन

कार्यक्रमको अन्त्यमा महानगरपालिका मेयर श्री रेनु दाहालले आफ्नो मन्तव्य राख्दै कार्यक्रम समापनगर्नुभएको थियो । उहाँले समग्ररुपमा कार्यक्रम भव्यताका साथ सफल भएको र सफल बनाउन सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिनुभयो । कार्यक्रममा नगर प्रमुखले आर्थिक वर्ष २०७४/०७५ को नगर र वडा स्तरीय कार्यक्रमहरु केही सम्पन्न भएका र केही सम्पन्न हुने क्रममा रहेका छन् र उक्त आयोजनाहरु पनि समयमै सम्पन्न गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । महानगरका कार्यहरु अत्यन्तै सौहार्दपूर्ण वातावरणमा सञ्चालन भइरहेको, व्यक्तिगत र दलगत स्वार्थ नभएको,विकासका हरेक काममा सहकार्य हुने, यस कार्यक्रमकार्यपालिकाबाट निर्णय भइ छलफलबाटै तय भएकोले नेपाली कांग्रेसको तर्फबाट प्रतिनिधित्व गर्ने निर्वाचित पदाधिकारीहरुको अनुपस्थितिमा आफुलाई दुःख लागेकोसमेत बताउनु भयो । मन्तव्यकै क्रममा उहाँले आगामी दिनमा सहमति र सहकार्यको लागि छलफल र अन्तरक्रियालाई अझ बढी प्राथमिकता दिई अगाडी बढ्ने, सबैले परिकल्पना गरेको महानगर विकासमासामुहिक दायित्व र प्रतिवद्धता हुनुपर्नेमा जोड दिनुभयो ।अन्त्यमा, उहाँले महानगरभित्र थुपै महत्वपूर्ण र गौरवका आयोजनाहरु रहेको त्यसको लागि बजेट समेतको व्यवस्था भइसकेको अवस्थामा सबैको साथ सहयोग र समन्वय सदैव आवश्यक रहने भन्दै सम्वद्ध सबै पक्षलाई कार्यक्रम सफल बनाउनुहुन सहयोग गर्नुभएकोमा धन्यवाद दिदै कार्यक्रमको समापन गर्नुभएको थियो ।

आज मिति २०७५ साल श्रावण ३१ गते बिहिवारका दिन दिउसो ११:०० बजे भरतपुर महानगरपालिकाका नगर प्रमुख श्री रेनु दाहालज्यूको अध्यक्षतामा आ.व. २०७४/०७५ को वार्षिक समीक्षा गोष्ठी देहाय बमोजिमको उपस्थितिमा सम्पन्न गरियो ।

उपस्थिति

नगर प्रमुख श्री रेनु दाहाल

प्रमुख अतिथि - प्रदेश सभाका माननीय सदस्य तथा शिक्षा, स्वास्थ्य तथा कृषि समितिका सभापति श्री घनश्याम दाहाल "अविनास"

विशिष्ट अतिथि - प्रदेश सभाका मा० सदस्य श्री कृष्णप्रसाद अर्याल

" " " श्री मिलन बाबु श्रेष्ठ

अतिथि - समन्वय समितिका प्रमुख श्री कृष्ण कुमार डल्लाकोटी

" जि.प्र.नि. अधिकारी श्री ~~जितेन्द्र कुमार बस्नेत~~ जनकराज पन्त

उप-प्रमुख श्री पार्वती शाह ठकुरी

प्रमुख प्रशासकीय अधिकृत श्री नैनप्रसाद पुडेली

१. ज्ञान प्रसाद खनाल वडा नं २६
२. शान्ता अधिकारी उपाध्यक्ष तेपाल पश्चिम महासंघ
३. पद्मकुमारी सुवेदी अध्यक्ष - ५
४. बाबुराम अधिकारी अध्यक्ष - ११
५. नरेन्द्र कुमार कण्डेल - १२
६. बजिन्द्र गिरी कार्यपालिका सदस्य - ६
७. टेक लाल विन्ध कार्यपालिका सदस्य - २
८. आशा ठा० कुमाल २८ वडा अध्यक्ष
९. कान्छा मल्ल २४ वडा अध्यक्ष
१०. मन बहादुर रानाभाट (२१ वडा) अध्यक्ष
११. रविलाल भट्टराई १५ वडा सदस्य
१२. प्रजापति दाहाल, कार्यकारी निर्देशक भरतपुर लोनफी बोर्ड
१३. सुरेश कुमार महर्जन, बे.वि.प्र. भरतपुर, प्रमुख
१४. नरिनारायण जोशियान वडा अध्यक्ष भ.म.न.पा. २३
१५. मन बहादुर थिङ कार्यपालिका सदस्य २१
१६. बिना गुरुङ कार्यपालिका सदस्य ११
१७. धनकुमारी विश्वकर्मा " - २
१८. अरुण पौडेल भण्डारी - वडा अध्यक्ष १०
१९. सुवर्ण वज्राचार्य - डाक्टर अधिकृत - भ.म.न.पा.
२०. इन्द्र ब. खतिवडा - डाक्टर अधिकृत
२१. डा. सन्तोष घिमिरे - पशु विकास अधिकृत
२२. डा. विकास श्रेष्ठ - पशु चिकित्सक, पशु सेवा शाखा
२३. राम बाबु पौडेल सहकारी तथा रोजगार प्रवर्धन शाखा

२१ विनोद लामिछाने कृषि विकास अधिकृत नु.पा.व्य.प्र. गोरखा
२२ ध्रुव नेपाली प्राविधिक सहायक " " "
२३ ईश्वर प्रसाद पौडेल का.प्र. डोलिडे प्रशासन क.
२४ धुर्व [illegible] का.स. " "
२५ [illegible] बुढाथोकी का.स. " "
२६ [illegible] सदस्य वडा नं. २२
२७ प्रेम बहादुर थापा सदस्य वडा नं. २२
२८ सीता कुमारी बस्न्यात सदस्य वा.न. २८
२९ शान बहादुर कुमाल सदस्य ११ नं. १६
३० गिम बहादुर कुमाल सदस्य २८ मेघौली
३१ चिन्तामणी लम्साल मस्तपुर-११ वडा सदस्य
३२ विमला वि० क० मस्तपुर-११ वडा सदस्य
३३ नरीमायाँ लमाङ मस्तपुर-१० वडा सदस्य
३४ मायाँ नेपाली मस्तपुर-१० वडा सदस्य
३५ भीर बहादुर वि. क. २४ वडा सदस्य
३६ राम बी० भाट २६ वडा सदस्य
३७ [illegible] " " ९. वडा सदस्य
३८ [illegible] " " ९ " "
३९ मन बहादुर राना २ वडा सदस्य
४० विजयकुमार अधिकारी वडा नं. २५ अध्यक्ष
४१ तेजेन्द्र बहादुर खड्का नेपाल कम्युनिष्ट पार्टी (एकता)
४२ विष्णु राज गहतो २२ नं. अध्यक्ष
४३ पूर्ण बि० श्रेष्ठ वडा नं. २
४४ रामलाल ९६ नं. १६ सदस्य
४५ चन्द्र [illegible] वडा नं. १६ अध्यक्ष
४६ सूर्य प्रसाद तिमिल्सिना अ.अ. न.म.न.पा. जनस्वास्थ्य शाखा
४७ [illegible] पौडेल, डि.प. [illegible] डि.
४८ निर्जला थपलिया उपसचिव, न.म.न.पा. [illegible] विकास [illegible]
४९ [illegible] अधिकारी " "
५० [illegible] कुमार मा. डि.प. डि.ए.ओ. मस्तपुर
५१ [illegible] कुमार लामिछाने इन्जिनियर, डि.मा.डा. मस्तपुर
५२ [illegible] कुमार पौडेल - पत्रकार
५३ प्रतिभा कुमारी दत्त पत्रकार
५४ [illegible] पत्रकार
५५ बसन्त [illegible] "

८९ सविता गौतम, सेवादल, नागरिक दैनिक
९० दिनेश खनाल चितवन पोस्ट/महालु खबर
९१ सूचना अधिकारी/दिनेश दैनिक/कार्यक्रम अधिकृत दैनिक/टेलिभिजन/A2Zsemachar.com
९२ नविनबाबु सरदहा चितवन ज्योतिपत्रिका
९३ सूर्यप्रकाश कुँडे लै सफल खबर ९२ कार्य
९४ प्रभाव दुबेदी अर्थ समाचार
९५ विप्लव काफ्ले कार्पोरेट दैनिक/कारोबार दैनिक
९६ शिव गौतम सिनर्जी एफ. एम. ९१.६
९७ विवेक पोखरेल "
९८ रत्न कुमारी अधिकारी वडा नं. ९
९९ विमला महर्जन वडा नं. १२
१०० देवी परियार वडा नं १२
१०१ सावित्रा देवी देवकोटा वडा नं. १६
१०२ चन्द्रमाया नेपाली वडा नं. १६
१०३ बिम कुमारी विश्वकर्मा वडा नं. २४
माया वडा नं २१
१०४ मिन कुमारी वडा नं २१
१०५ कमल बहादुर गोदा वा.नं. २५
१०६ [illegible] वडा नं. २६
१०७ राधा [illegible] वडा नं. २६
१०८ शान्ती [illegible] वडा नं. २८
१०९ सिता [illegible] १३
११० कुमारी माया [illegible] १३
१११ किशोर पाँडेल १३
११२ [illegible] १३
११३ ओम [illegible] १६
११४ किशोर रापकोटा वडा सदस्य वडा नं. ९
११५ सुर्य प्रसाद खनाल " ९
११६ तिलक बा० [illegible] " ८
११७ चिरञ्जिवी आचार्य कार्यालय
११८ नेत्र प्रसाद आचार्य वडा सदस्य १८
११९ नीतन कुमार श्रेष्ठ प्रशासकीय अधिकृत नगरपालिका
१२० विष्णु प्र. आचार्य " " "
१२१ सोनु [illegible] " " "
१२२ [illegible] आले स्टाफनर्स अधिकृत "

९२३ माधव प्रसाद आचार्य अ.अ.न.पा.का
९२४ ई. सूर्य प्रकाश लामा अ.म.ने.वि.का
९२५ विपिन बस्नेत "
१२६ जगन्नाथ आचार्य "
९२६ सूर्यबहादुर प्रसाद लेकाल "
९२८ इं. ज्योति लम्साल "
९२९ अस्मिता खनाल अर्थमन्त्रालय "
९३० सन्देश सागर रजपूत राष्ट्रिय विकास तथा अध्ययन
९३१ चक्र बुढाथोकी (वा.पा.सं.)
९३२ नारायण प्रसाद लोइति अ.न.प.का
९३३ रवीन्द्र आचार्य शहरी विकास
९३४ रामकृष्ण बेताल स्वा.वि.अ.
९३५ गंगाकुमार आचार्य व.इ. अ.अ.न.पा.
९३६ सुमन गैरे चिन्तन खन्द्रा
९३६(क) मधुराम कुवाडी प्रा.अ.
९३६ कृष्ण ब.कुँवर अर्थ इन्जिनियर अ.म.न.पा.
९३८ विष्णुराम कुँवर (सहरि आ.ले.प.विभाग, अ.म.न.प)
९३९ विनोद पौडेल (मेकानिकल इन्जिनियर)
९४० तुलसी प्रसाद ढकाल आ.वि. अधिकृत
९४१ हिमालाल कडेल अ.अ.न.पा.
९४२ राम प्रसाद गिरी वा.पा.तथा सा.वि.का
९४३ दिपक पाण्डे का.अ.न.पा.
९४४ विष्णु प्रसाद खनिपानी वा.वा.
९४५ Deepak Thapa
९४६ राजकुमार थापा अ.अ.न.पा.
९४७ राम कृष्ण पाण्डे प्रा.प्रशा.अधिकृत
९४८ खुमिला रेग्मी अ.अ.न.पा.
९४९ प्रदेश राज अधिकारी
९५० मनका पण्डित इ.अ.
९५१ कृष्णराज चौधरी अ.म.न.पा. वार्ड.नं. २२ सदस्य
९५२ बद्री विमलसीना ने.क.पा.
९५३ बुद्ध सागर थापा अ.म.न.प.
९५४ चिवकुमार थेङ
९५५ उप-सचिव श्री कुलबहादुर जी.सी.
९५६ ना.सु. श्री तेजराज खनाल

१५७ गौरी [illegible] वय नं. ४२ — गौरी

१५८ बलराम [illegible] वय नं. १० — [illegible]

१५९ रूपप्रकाश [illegible] — २६ — [illegible]

१६०. अर्जुन पाडु — [illegible]

१६१ गोपालू [illegible] — [illegible]

१६२. सहदेव व. भडारी — [illegible]

१६३ पार्वती [illegible] — [illegible]

१६४. प्रकाश हवाड वय अंधपत्र - १२ — [illegible]

१६५ सुदिप सुवेदी — [illegible]

अनुसुची १

भरतपुर महानगरपालिका

वार्षिक समीक्षा गोष्ठी

कार्यक्रम तालीका

साउन ३१, २०७५

शुभारम्भ कार्यक्रम

अध्यक्षता : नगर प्रमुख श्री रेनु दाहाल

आसन ग्रहण

प्रमुख अतिथि : प्रदेश सभाका माननीय सदस्य तथा शिक्षा स्वास्थ्य तथा कृषि समितिका सभापती श्री घनश्याम भट्टराई

बिशिष्ट अतिथिः प्रदेश सभाका माननीय सदस्य श्री कृष्ण भुर्तेल

बिशिष्ट अतिथि : प्रदेश सभाका माननीय सदस्य श्री मिलन वावु श्रेष्ठ

अतिथि : समन्वय समितिका प्रमुख कृष्णकुमार डल्लाकोटी

अतिथि : नि. प्रजिअ श्री जनक राज पन्त

उप प्रमुख श्री पार्वती शाह ठकुरी

सबै वडाध्यक्षज्युहरु (वडा नं १ देखि २९)

सबै कार्यपालिका सदस्यहरु (८)

सबै वडा समिति सदस्यहरु (वडा नं १ देखि २९)

प्रमुख प्रशासकीय अधिकृत

उपसचिवहरु/महाशाखा प्रमुखहरु

महानगरका सवै शाखा प्रमुखहरु

पत्रकार महासंघका अध्यक्ष एवं अन्य संवाददाता

२ वडा नं १० का वडा अध्यक्षज्यूबाट स्वागत मन्तव्य

३ सहिदहरु प्रति सम्मान गर्दै मौन धारण कार्यक्रम

३ प्रमुख अथितिबाट पानसमा बत्ती बालेर र बार्षिक समीक्षा कार्यक्रमको व्यानर क्लीक गरी कार्यक्रमको समुदघाटन

४ महाशाखा प्रमुखहरुबाट महाशाखागत प्रस्तुती

- सहरी पूर्वाधार विकास र वातावरण महाशाखा
- सामाजिक विकास महाशाखा
- आर्थिक प्रशासन र राजस्व महाशाखा
- आर्थिक विकास महाशाखा
- शैक्षिक प्रशासन महाशाखा
- सामान्य प्रशासन, योजना बजेट तथा अनुगमन महाशाखा
- खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
- सडक डिभिजन कार्यालय
- नेपाल विद्युत प्राधिकरण
- खानेपानी व्यवस्थापन वोर्ड

५ खुल्ला छलफल

६ प्रमुख प्रशासकिय अधिकृतबाट उठेका सवालहरुको सम्वोधन

७ प्रमुख अथिति एवम अन्य अथितिबाट शुभकामना मन्तव्य

- नेकपा नेता बद्री तिमिल्सिना
- नेकपा नेता तेजेन्द्र खड्का
- प्रदेश सभा सदस्य कृष्णप्रसाद भुर्तेल
- प्रदेशसभा सदस्य एवं प्रदेशसभा कृषि, शिक्षातथा स्वास्थ्य समितिका सभापति माननीय घनश्याम दाहाल अभिनाश

८ खाजा

९ नगर प्रमुखज्यूबाट मन्तव्य सहित कार्यक्रम समापन

अनुसुची २

आ.ब.२०७४/०७५मा आर्थिक प्रशासन महाशाखाबाट भएका कार्यको प्रगति समीक्षा

प्रस्तोता:-
खडानन्द अधिकारी
उप-सचिव (लेखा)
भरतपुर महानगरपालिका कार्यालय

मिति २०७५/०४/ ३१

1

प्रस्तुतीकरणको खाका

- विषय प्रवेश
- आर्थिक प्रशासनको संक्षिप्त जानकारी
- आ.ब.२०७४।०७५ मा विभिन्न बजेट उप शिर्षकमा निकासा तथा खर्च
- बेरुजुको अवस्था
- भएको कारोवारको निगरानी राख्ने संस्थागत निकायहरु
- आकर्षण हुने ऐन र कानुनहरु
- केही व्यवहारिक समस्याहरु
- आ.ब.२०७४।०७५ मा भएका सुधारका प्रयास
- वित्तीय सुशासन कायम गर्नु पर्ने सुधार

2

विषय प्रबेश

- सार्वजनिक सेवा प्रवाह र विकास व्यवस्थापन मार्फत जनताको अपेक्षा र आवश्यकता सम्बोधन हुने गरी नागरिकलाई छिटो, छरितो ,भरपर्दो श्रुपमा सार्वजनिक सेवा प्रवाह गर्नु र जनता प्रति उत्तरदायि हुनु सार्थै स्थानिय तहबाटै लोकतान्त्रको लाभ प्राप्तीको आम नागरिकलाई महसुस हुने गरी नागरिकलाई सेवा प्रवाह गर्नु स्थानीय सरकारको कर्तव्य हो ।
- सार्वजनिक प्रशासनका विभिन्न पक्षहरु मध्ये एक महत्वपुर्ण पक्ष आर्थिक प्रशासन हो ।
- प्रत्येक कारोबार कानुन, कार्य विधि, नर्म्स र प्रक्रियासंम्वत गर्नु र सोको पारदर्शिता कायम गरी आर्थिक कारोबारमा जनविश्वास आर्जन गर्नु पर्ने हुन्छ ।
- आर्थिक प्रशासन स्वच्छ, पारदर्शि र उसका कारोबार कानुत संम्वत भएमा मात्र सुशासन कायम भएको आम नागरिकले महसुस गर्दछन् ।

3

4

आर्थिक प्रशासन महाशाखामा रहेको मौजुदा जनशक्तिहरु

- उप सचिव (लेखा) – १
- लेखा अधिकृत – २
- लेखापाल – ५ (३ जनाले मात्र लेखा शाखामा काम गरेका) ।

(बाँकी २ जना लेखापाल,१ जना महानगरको स्टोर शाखामा र १ जना वडा नं.२० मा कामकाज गर्दै आउनु भएको)

5

आर्थिक प्रशासनको काम

- नेपाल सरकारबाट स्वीकृत गरिएको लेखा ढाँचा प्रयोगमा ल्याउनु
- विनियोजन ,राजस्व, धरौटी , सहायता र ऋणको रितपूर्वको लेखा राख्ने
- आन्तरिक तथा अन्तिम लेखापरीण गराई सोको प्रतिवेदन पेश गर्ने
- स्थानीय सञ्चित कोष तथा अन्य कोषहरुको हिसाब राख्ने
- वार्षिक कार्यक्रम तथा बजेट तयारीमा संलग्न भई आवश्यक सहयोग एवं समन्वय गर्नु
- आर्थिक कारोवार गर्दा प्रचलित कानुन, नर्म्स, निर्देशिका, कार्यविधि बमोजिम भए नभएको चेक जाच गरी भूक्तानीको लागि पेश गर्नु ।
- लेखापरीक्षणबाट औल्याइएको बेरुजु लगत राखी आवश्यक प्रमाण संकलन गरी सम्परीक्षण गराउने ।
- अन्य तोकिए बमोजिमका कार्यहरु

6

आ.ब. २०७४।०७५मा भएको आय (प्रति हजार)

आन्तरिक आय	रु. ३,०८,७७५
जनसहभागिता रकम	रु. १,८०,९५१
राजश्व बाँडफाँड	रु. ४,०४२
वित्तीय समानीकरण अनुदान	रु. ७,१९,७९८
सर्शत अनुदान	रु. ६,४६,७५७
सामाजिक सुरक्षा अनुदान	रु. ३,९३,०९२
नगर विकास कोष	रु. १०,४८२
सडक बोर्ड नेपाल	रु. १२,४०७

7

गत वर्षको अल्पा	रु. ३,२६,२०४
युनिसेफ नेपाल	रु. ३,६०२
समाज कल्याण कार्यक्रम	रु. १,४००
सहकारी तथा गरिबी निवारण मन्त्रालय	रु. ७,५००
पर्यटन तथा पूर्वाधार कार्यक्रम	रु. १,०००
महिला सशक्तिकरण कार्यक्रम	रु. ५००
स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम	रु. ६,०००
स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम	रु. ३,९७४
गरिब सँग विशवेश्वर कार्यक्रम	रु.१,५८४
जम्मा	रु. २७,०८,०७४

8

आर्थिक वर्ष २०७४।७५ मा भएको आय को प्रतिशत

विवरण	अनुमानित आय (प्रति हजार)	२०७५ असार मसान्त सम्मको आय(प्रति हजार)	प्रतिशत
आन्तरीक आय	६,४२,७९०	रु. ३,०८,७७५	४८
जनसहभागिता	९,७०,६७८	रु १,८०,९५१	१०६
बाहु आम्बाली	२,९२,३६,५३२	२२,१८,३४८	७५
जम्मा	रु ३०,०५,०००	रु २७०८०७४	९०

9

आ.ब.२०७४।०७५ व्याय विवरण (प्रति हजार)

प्रशासनिक खर्च	रु २३१७३१
शशर्त अनुदान	रु ६६८७१७
वातावरण व्यवस्थापन	रु ६४९७९
सामाजिक सुरक्षा कार्यक्रम	रु ३९३०९२
सडक बोर्ड नेपाल	रु ७४११
नगरस्तरीय योजना रअधुरो योजना	रु ४९६७०९
वित्तीय व्यवस्थापन	रु ८६५८

व्याय विवरण (प्रति हजार)

वडा गत खर्च पुजीगत तर्फ	रु २८०८४६
चालु तर्फ	रु ६६७६
वडागत जम्मा खर्च	रु २८७५२४
युनिसेफ नेपाल	रु २८८५
गरिवसँग विशेष्वर	रु १५८४
समाजकल्याण कार्यक्रम	रु १४००
सहकारी तथा गरिवी निवारण मन्त्रालय	रु ७५००

क्रमशः

पर्यटन तथा पूर्वाधार कार्यक्रम	रु १०००
महिला शशक्तिकरण कार्यक्रम	रु ५००
स्थानीय यातायात पूर्वाधार	रु ६०००
जम्मा खर्च	रु २१७९६९०

आर्थिक वर्ष २०७४।०७५ को खर्च सारांश

विवरण	अनुमानित खर्च (प्रति हजार)	अहाए गसारत खर्च(प्रति हजार)	प्रतिशत
चालु खर्च	१४,३९,११८	१३,०५,५७९	९०.९१
पुँजीगत खर्च	१५,५५,८८२	८,६४,७९०	५६
वित्तिय व्यवस्थापन	१०,०००	८,६५८	८६
जम्मा	३०,०५,०००	२१,७९,६९०	७२

13

महानगरको बेरुजुको अवस्था :-

प्रचलित कानुन,नर्म्स, निर्देशिका र तोकिएको खर्च शिर्षक नाघेर गरीएका कारोबारमा लेखापरीक्षण हुदा औल्याइएको अघोरा र रकम नै बेरुजु हो ।

- आर्थिक कार्यविधि ऐन,२०५५ अनुसार बेरुजु भन्नाले प्रचलित कानुन बमोजिम पुरयाउनु पर्ने रीत नपुरयाई कारोबार गरेको या राख्नु पर्ने लेखा नराखेको तथा अनियमित या बेमतलिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औल्याइएको कारोबार सम्झनु पर्दछ।
- बेरुजु सामान्यत ३ प्रकारको हुन्छ ।
- क. असुल उपर गर्ने बेरुजु
- ख.नियमित गर्ने बेरुजु
- ग. पेश्की बेरुजु

- महानगरको बेरुजुको अवस्था
- असुल गर्ने बेरुजु : १ करोड ८६ लाख ५४ हजार
- पेश्की बेरुजु :रु २२ करोड ५५ लाख २ हजार

14

महानगरको बेरुजु सम्परीक्षण सम्बन्धमा भएको प्रयास

- विगत लामो समय देखि कायम भएको बेरुजुको सम्बन्धमा अभिलेख उतार गरी फाइल तयार गर्ने कार्यको शुरुवात भएको
- असुल ,पेश्की र नियमित गर्ने एवं मिनाहा गर्ने बेरुजुका सम्बन्धमा अध्यायन भई अलग अलग फाईल तयार गर्ने कामको थालनी भएको ।
- पेश्की बेरुजु र असुल उपर गर्ने बेरुजु सम्बन्धमा पत्रचार भएको
- रकम असुल उपर भएको र नियमित गर्नु पर्ने बेरुजुका सम्बन्धमा सम्परीक्षणको लागि दाखिला भएको रकम र नियमित गर्ने कागजातहरु पेशको हकमा सम्परीक्षणको लागि फाईल तयार भई पेश भएको

15

केही व्यवहारिक समस्याहरु

- तालिम प्राप्त दक्ष जनशक्तिको कमी । । कर्मचारी,प्राविधिक,वडा सचिव,उपभोक्ता)
- स्थानिय सरकारको खर्च नियमित गराउने छुट्टै नियम,कानुन र नर्म्स नहुनु । विभिन्न ऐन तथा नियमबाट निर्देशित हुनु परेको ।
- उपभोक्ता समीतिबाट काम गराउदाँ ऐनको मतलाब र उपभोक्ता समितिको बुझाईमा कमी भएकोले भूक्तानीमा समस्या ।
- विकासको उचाइ भएका जनप्रतिनिधिहरुलाई आर्थिक कारोबारका सम्बन्ध र सोसँग सम्बन्धित ऐन नियमका बारे प्रशिक्षणको कमी रहेको ।
- सबै भूक्तानी एकिकाइ महालेखापरिक्षकबाटै हुदा शिघ्र सेवा प्रवाह दिन तसकिएको ।
- कार्यक्रम सञ्चालन गर्नु अगाडी कार्यक्रम लागत अनुमान ,नर्म्स र सोमा हुने खर्च पूर्ण स्वीकृत नगराई वडा तथा शाखाबाट भूक्तानीको लागि माग गर्दा भूक्तानीमा समस्या आउने गरेको ।
- नियमानुसार लाग्ने कर कट्टी नगरी भुक्तानी माग गरिनु ।
- जटील कानुनी प्रावधान र उपभोक्तहरुको कमजोर बुझाईका कारण माग बमोजिम भुक्तानीमा समस्या ।

वित्तीय सुशासन कायम गर्न भएका प्रयास

- तालिम,गोष्ठी,सेमिनार र अन्तरक्रिया जस्ता कार्यक्रम सन्चालन गर्दा हुने खर्चलाई नेपाल सरकार, अर्थ मन्त्रालय र भरतपुर महानगरपालिकाले स्वीकृत गरेको नर्म्सलाई पूर्ण रुपमा कार्यान्वयन गर्ने प्रयास गरिएको ।
- रकम भूक्तानी गर्दा संलग्न गर्नु पर्ने आवश्यक कागजातहरुको चेक लिष्ट तयार गरी कार्यान्वयनमा ल्याईएको ।
- हरेक कार्यक्रम र उप शिर्षको एवं वडाको खर्च अलग अलग देखिने गरी श्रेस्ता तयार गरीएको र हरेक कामको अलग अलग कार्य जिम्मेवारी तोकिएको ।
- विगतको भन्दा चुस्त प्रकारले लेखाको अभिलेख राख्ने कार्य भएको ।
- समय समयमा आम्दानी तथा खर्चलाई पारदर्शिता कायम हुने गरी सूचना सम्प्रेषण गरिएको ।
- महानगरमा गामिन पूर्वका गा.वि.स. तथा नगरपालिकाका बैंकमा रहेका विभिन्न कोषहरुको र खाताहरुको खोजि गरि अभिलेखन गर्न प्रयास गरिएको ।
- पहिले आउनेलाई पहिला सेवा (First come First service) लाई आत्मसाथ गर्ने प्रयास
- नेपाल सरकार, महालेखा नियन्त्रक कार्यालयबाट तयार गरीएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) कार्यान्वयनमा ल्याईएको ।

राजश्व प्रशासन महाखाबाट भएका सुधारहरु

- धुम्ति करदाता सेवा
- अनलाइन राजश्व संकलन सेवा
- संकलित राजश्वको सूचना संप्रेषण
- Quee System आत्मसाथ
- दायरामा नआएको दायरामा ल्याउने अभियान सन्चालन
- गत आ.व.२०७३/०७४ भन्दा १० करोड बढि आन्तरीक राजश्व संकलन

वित्तीय सुशासन कायम राख्न निगरानी राख्ने संस्थागत निकायहरु

क. नगर सभा र नगर कार्यपालिका –आम्दानी र खर्चका सबै विषयमा ।

ख. संघीय सरकार र प्रदेश सरकार ।

ग. न्यायपालिका अदालत

घ. अख्तियार दुरुपयोग अनुसन्धान आयोग – सार्वजनिक पदको अधिकारको दुरुपयोग र रकमको हिनामिना गरेमा

ङ- राष्ट्रिय सतर्कता केन्द्र –निर्माण कार्यको प्राविधिक परिक्षण र सम्पति विवरणका

च.महालेखा परिक्षकको कार्यालय –खर्च र आम्दानीको (नियमितता,मितव्ययीतता,कार्यक्षता,प्रभावकारीता र औतित्यताका विषयमा)

छ- सार्वजनिक खरिद अनुगमन कार्यलय –सामान खरिद, निर्माण कार्य, परामर्श सेवा खरिदको प्रकियाको

ज- नागरिक समाज, वाम मिडिया कर्मी, राजनैतिक दल,सर्वसाधारण जनता, जनमुखि संस्थाहरु ।

19

आर्थिक कारोवारसँग सम्बन्धित कानूनहरु

- नेपालको संविधान,(२०७२)
- स्थानिय सरकार सन्चालन ऐन,२०७४ ।
- भरतपुर महानगरपालिकाको आर्थिक ऐन,२०७४ ।
- भरतपुर महानगरपालिकाको विनियोजन ऐन,२०७४ ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०५९ – सार्वजनिक पदको अधिकारको दुरुपयोग र रकमको हिनामिना
- आयकर ऐन,२०५८ । मु.अ.कर (VAT) ऐन,२०५२
- लेखापरिक्षण ऐन,२०४८ महालेखा परिक्षकको कार्यालय –खर्च र आम्दानीको (नियमितता, मितव्ययीतता, कार्यक्षता, प्रभावकारीता र औतित्यताका विषयमा)
- सार्वजनिक खरिद ऐन, २०६३ र सोको नियमावली,२०६४ –सामान खरिद,निर्माण कार्य, परामर्श सेवा खरिदको प्रक्रिया
- मन्त्रालयबाट भएका परिपत्र,निर्देशन
- नगर परिषदको निर्णय र कार्यपालीकाको निर्णय
- अन्तराष्टिय सन्धि,सम्झौता र प्रतिबद्धता
- सार्वजनिक खर्चमा मितव्ययीतता कायम गर्न बनेको निर्देशिका ,२०७४

20

भुक्तानी तथा आम्दानीको सुधारका लागि भावि कार्ययोजना

- सबै वडाहरुबाट अनलाईनबाट राजस्व संकलन गर्ने
- भुक्तानी प्रक्रियालाई सहज गर्न केही वडाहरुमा भुक्तानीको सेवा विस्तार गर्ने योजना भएको
- उपभोक्ता समिति, निर्वाचित जनप्रतिनिधी, प्राविधिक, वडा सचिव र आर्थिक प्रशासनसँग संलग्न कर्मचारीबीच भुक्तानी तथा खर्च सम्बधी अन्नतरक्रिया/ छलफल
- आन्तरिक नियन्त्रण निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याइने
- बेरुजु फछ्यौटलाई प्राथमिकता दिइ कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइने

21

वित्तीय सुशासन कायम गर्न र व्यवहारिक समस्या समधान का उपायहरु

A+ B+ C+ D+ E = *वित्तीय सुशासन*

A = Attitude positive/Attachment भइ Teamwork मा काम गरी ।

B = Behaviour reform/ Believe गरी जनप्रतिनिधि ,कर्मचारी र जनता विचमा ।

C = compliance (नीति,कानुन,नियम ,कर्तव्य,आचरण, नर्म्स, विधिको पालना) /commitment/collaborative बनी ।

D = Dynamic / discipline (परिवर्तीत समयानुकुल गतिशिलता ,अनुशासन)

E = Ethical बनी ।

वित्तीय सुशासन भएमा

- Value for money (रकमको सही सदुपयोग हुन्छ)
- Increase Good Governance (सुशासन कायम गर्न धप सहयोग हुन्छ)
- Public Trust Building (हामीले गरेका काममा आम नागरिकको विश्वास बढ्छ)
- Low cost High Performanance (कम स्रोत साधनबाट पनि धेरै काम गर्न सक्छौ)
- Optimum uses of Reasources (भएको स्रोतहरुको अधिकतम सदुपयोग हुन्छ)

धन्यवाद.....

1

प्रस्तुतिका विषयहरु

- महाशाखाको परिचय
- भरतपुर महानगरपालिकाका पूर्वाधारहरु
- आ.व. ०७४/०७५ को पूर्वाधार योजना
  - पूर्वाधार क्षेत्रको बजेट र खर्च
  - पूर्वाधारक्षेत्रको भौतीक प्रगती
- आ.व. ०७४/०७५ को भवन निर्माण इजाजत सम्बन्धी प्रगति
- नीजि आवास पुनः निर्माण कार्यक्रम
- उल्लेखनिय कार्यहरु
- समस्याहरु

2

शहरी पूर्वाधार बिकाश महाशाखाको परिचय

महाशाखा अन्तर्गतका शाखाहरुः
१. सडक तथा यातायात व्यवस्था शाखा
२. भु-उपयोग तथा बस्ती बिकाश शाखा
३. भवन तथा भवन संहिता एवं निर्माण इजाजत (डिजाईन समेत) शाखा
४. अन्य पूर्वाधार विकाश शाखा

3

शहरी पूर्वाधार बिकाश महाशाखाको परिचय

कर्मचारीहरुः
१. इन्जिनियरः १३ (८ म.न.पा. र ५ वडा)
२. सब-इन्जिनियरः २० (५ म.न.पा. र १५ वडा)
३. अमिनः १० (वडा)
४. अन्यः ७ (१ सर्भेयर, ६ ना.सु.)
जम्मा कर्मचारी संख्याः ५०

भरतपुर महानगरपालिकाका पूर्वाधारहरु

- सडक (कि मि):१४२५
  - कालो पत्रे (कि मि): ५३३, गाभेल (कि मि) :७८८
  - माटे (कि मि) :१००,७५, ढलान (कि मि) : ३,२५
- बस पार्कः ५ (केन्द्रिय बसपार्क, पोखरा बसपार्क, जगतपुर बसपार्क, मेघौली बसपार्क, लकु मिनी बसपार्क), ट्रक पार्कः १
- अन्य पार्किङः ३ (२ बटा गणेश हलको छेउमा,१ पुल चोक छेउमा)
- झोलुङ्गे पुल(गोटा) :१०

भरतपुर महानगरपालिकाका पूर्वाधारहरु

- खानेपानीः

जम्मा घरधुरीः ६५,०१२
खानेपानी बोर्डबाटः २१३१९(वडा नं. १ देखि १२ सम्म मात्र)
उपभोक्ता समिति मार्फत सञ्चालित आयोजनाबाट ४५०० घरधुरी
Overhead Tank: ४१५० घ.मी.
Reservoir Tank: ३२०० घ.मी.
पटिहानी

भरतपुर महानगरपालिकाका पूर्वाधारहरु

- सावजनिक शौचालयः १४ वटा (केन्द्रिय बसपार्क, गेष्ट हाउस, चौबिस कोठी, रामनगर, आँपटारी, नारायणी नदी किनार, पुल्चोक, देवघाट, शञ्जीमण्डी, गणेशस्थान, ट्रकपार्क, पोखरा बसपार्क, बालकुमारी तरकारी बजार, सस्तो बजार)
- ढल (कि.मी.): ७ कि.मी.
- ढल प्रशोधन केन्द्रः ३ वटा (नारायणी नदी किनार)
- डम्पिङ साईटः २ (नारायणी नदी किनार, धुव)
- स्यानीटरी ल्याण्डफिल साइटः १, आँपटारी (निर्माणाधीन)

7

भरतपुर महानगरपालिकाका पूर्वाधारहरु

वडा भवन
- आफ्नै भवन भएको वडा :२५ वटा
- नव निर्मितः वडा नं. ८
- निर्माणाधिनः वडा नं. १२,२४
- भाडामा बसेको वडाहरु : ४ वटा (१३ नं., १७ नं., २८ नं., २४ नं.)

8

आ.व. २०७४।७५ को पूर्वाधार योजना

9

आ.व. २०७४।७५ को पूर्वाधार योजना

आ.व. २०७४।७५ को पूर्वाधार क्षेत्रको बजेट र खर्च

आ.व. २०७४।७५ को पूर्वाधार क्षेत्रको बजेट र खर्च

आ.व. २०७४।७५ को कुल पूर्वाधारको खर्च

आ.व. २०७४।७५ को भौतीक प्रगती

सडक कालोपत्रे (कि.मि) :	४९.९८
सडक मर्मत (कि.मि)	३.४
सडक गाबेल (कि.मि):	३२.७३
सडक ढल (कि.मि.):	०.६३
मन्दिर/भवन/गुम्बा (गोटा):	२६
पार्क(गोटा):	३
मोज्याक टायल (कि.मि.):	१.९३
खानेपानी विस्तार (कि.मि.):	१.०४
कल्भर्ट (गोटा):	२

14

भू-उपयोग तथा बस्ती विकास सम्बन्धी

- ✓ बाटो लगत कट्टा: १५४० वटा
- ✓ महानगरपालिका क्षेत्र भित्र पर्ने भवन, पार्क आदिको नक्साङ्न-डिजाईन आदि: १५ वटा (Umbrella Street Design, Ward Office Design 13 and 8 No., Landscape/Park design inside BMC Premises, Children Park at Ward no. 10, BMC Main Gate Design, Nagar Ban Park Design etc)

15

भवन निर्माण इजाजत सम्बन्धी

